कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल ।

☎०८३-५२०१०८
☎०८३२२०२७६
email-redsurkhet@gmail.com
website-
www.eddkarnali.gov.np

प. सं. : २०८०/८१ (सामाजिक विकास शाखा)
च. नं.:

मितिः २०८०/११/१५

प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/१५

यस निर्देशनालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लोपोन्मुख तथा सीमान्तकृत समूदायको जीविकोपार्जन तथा आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०८० बमोजिम मिति २०८०/११/१४ गते बसेको अनुगमन तथा सहजीकरण समितिको बैठकको निर्णयानुसार तपशिल बमोजिमको सीप तालीम सञ्चालनका लागि देहायको शर्त अनुसार यस निर्देशनालयको सामाजिक विकास शाखामा क्रियाकलाप शीर्षक सहित प्रति व्यक्ति लागत समेत समेटी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैका लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिलः

१. मोटर ड्राईभिङ्ग ३१ जना
२. ब्यूटि पार्लर (आधारभूत तह) २२ जना
३. कम्प्युटर तालिम (डिप्लोमा कोर्ष) १६ जना

शर्तहरु

१. संस्थाको संस्था दर्ता प्रमाणपत्र, संस्थाको विधान, आ. व. २०८०/०८१ का लागि संस्था नविकरण, संस्थाको प्यान, आ व २०७९/०८० को संस्थाको लेखा परीक्षण प्रतिवेदन एवं कर चुक्ता प्रमाणपत्र र सामूहिक संस्थाको हकमा संचालक समितिको निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ ।
२. सीप तालीम सञ्चालनका लागि तालिम दिदा प्रयोगात्मक सामाग्री र प्रमाण पत्र सम्बन्धित सेवा प्रदायक संस्था स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।
३. तालीम सञ्चालन गर्दा संस्थाले प्रति एकाई लागतको विवरण सहितको गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ ।
४. संस्थाको कार्य प्रकृति खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिश पत्र पेश गर्नु पर्नेछ ।
५. रीत नपुगी तथा म्याद नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कार्यवाही गरिने छैन ।
६. प्रस्तावमा पेश भएका कागजातका आधारमा गरिने मुल्याङ्कनको सम्पूर्ण अधिकार निर्देशनालयको अनुगमन तथा सहजीकरण समितिमा रहनेछ ।
७. कार्यक्रम संचालन, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम गर्नुपर्नेछ ।
८. प्रस्तावना पेश गर्नको लागि सुर्खेत जिल्लामा कार्यक्षेत्र रहेका संस्थाहरु मात्र ग्राह्य हुनेछन् ।
९. अन्य जानकारीका लागि निर्देशनालयको सामाजिक विकास शाखामा वा (९८५८०७६४९१,९८४८०४८१७७) मा सम्पर्क राख्नुहोला ।

दीपा हमाल

दीपा हमाल
नि. निर्देशक